# कालो मौरी

*रत्न प्रजापति*

त्यतिखेर उसले त्यही सेतीको पुलबाट हामफालेर मर्न नखोजेकी होइन । घरै नजिकको बकैनाको रुखमा झुण्डिएर मर्न नखोजेकी पनि होइन । तर उसले त्यसो गर्न सकिन । ऊ मर्न सकिन, बाँची । बाँच्न मनै नलागेर पनि बाँची । त्यतिखेर उसलाई मर्नबाट केले रोक्यो कुन्नि ! ज्यानको मायाले ? घरको मायाले ? अथवा अन्धी बूढी आमाको मायाले ? खोइ कुन्नि केले हो, थाहा भएन । तर जे होस् उसले मर्न खोजेर पनि ऊ मरिन ।

उसलाई त्यतिखेर समाजमा बेइज्जत भएर बाँच्न पटक्कै मन लागेको थिएन । त्यसैले उसले मर्ने धेरै प्रयास गरेकी थिई । रूखमा झुण्डिन खोजेकी थिई र सेतीको पुलबाट हुनहुनाउँदै उर्लिरहेको बाढीमा हामफाल्न पनि खोजेकी थिई । तर उसका सबै प्रयास बिफल भए र ऊ बाँची । उसलाई रूख चढ्न नआएर रूखमा झुण्डिन नपाएकी पनि होइन र सेतीको बाढीदेखि तर्सेर त्यसमा हामफाल्न नसकेकी पनि होइन । उसले त मर्नै खोजेकी थिई । तर दैवको लीला नै भन्नुपर्ला, मर्ने धेरै प्रयासको बाबजुद पनि ऊ बाँची । सायद उसको भाग्यमा अझै बाँच्नु लेखेको थियो । अझ दुख सहन लेखेको थियो र जीवनमा अझै जिउने लडाई लड्नु थियो । त्यसैले उसले मर्न खोजेर पनि ऊ बाँची ।

ऊ बाँच्न त बाँची, तर अब कसको सहारामा बाँच्ने ? बाबुको सहारामा बाँचुँ भने उसको बाबु रक्सी खाँदाखाँदा रक्सीकै कारण मुटु फुटेर मरेको आठ-नौ वर्ष भइसक्यो । उसको बाबु मर्दा ऊ दस-एघार वर्षकी सिंगाने केटी थिई । ऊ अहिले तरुनी भइसकेकी छे । बाबु मरेको एकदुई वर्षमै उसका दुई भाइहरू पनि हैजाका कारण एकएक वर्षको फरकमा मास छर्न गए । बाँकी सहारा एउटी बूढीआमा थिई उसको । तर त्यसलाई सहारा के भन्नु र ! बरु उनैलाई सहाराको खाँचो थियो । मोतीबिन्दुले दुवै आँखा धमिला भइसकेका थिए र साँझ परेपछि भित्रबाहिर गर्न अर्काको सहाराको जरुरत पर्दथ्यो । उनै बूढीआमालाई सहारा दिँदै उनैलाई जीवनको सहारा मानेकी थिई उसले ।

त्यसैबेला उसको बिचल्ली देखेर उसको काकाले उसलाई र उसकी मोतीबिन्दु भएकी बूढीआमालाई सहारा दिएका थिए । जिन्दगी बिचल्लीमा पर्न लागेको बेलामा काकाको सहारा पाएर उसले र उसकी बूढीआमाले पनि आफूलाई धन्य र सुरक्षित सम्झेका थिए । अनि उनीहरू त्यहीं काकाको सहारामा दुखजिलो गरेर बस्न थालेका थिए ।

तर समयचक्रले उसलाई कुन स्थितिबाट कुन स्थितिमा पुऱ्यायो । सब सोचेको भन्दा उल्टो भयो । जसलाई सहारा र संरक्षक सम्झेर धन्य भएका थिए, त्यही नै विपत्ति र भक्षक भएर प्रकट भयो र उनीहरूलाई गाँज्न थाल्यो । केहीबेर त उसलाई पत्याउन पनि हम्मे नै पऱ्यो । तर त्यो वास्तविक थियो । त्यसैले पत्याउन करै लाग्यो ।

ऊ निदाउने प्रयत्न गरिरहेकी थिई, निदाइहाल्न भने सकेकी थिइन । उसको मनमा खालि के के कुराहरू खेलिरहेका थिए । बाबु रक्सीले मुटु फुटेर छट्पटिँदै मरेको दृश्य, भाइहरू हैजाले लल्याकलुलुक भएर मरेको दृश्य, उसको आँखामा एकपछि अर्को गर्दै आउँदैजाँदै गरिरहेका थिए । ती दृश्यहरूले उसको मनमा एकतमासको भय र सन्त्रास पैदा गरिदिएको थियो । ऊ डरले अलि अलि खुम्चिँदै गइरहेकी थिई । त्यसैबेला आग्लोबिनाको ढोका कसैले विस्तारै खोलेको आवाज आयो । ऊ झन् बढी त्रसित भई । डरले काँप्दै आमातिर हेरी । उसकी आमा मस्त निन्द्रामा थिइन् । त्यतिखेरसम्ममा अँध्यारोमा एउटा कालो आकृति ढोका खोलेर भित्र पसिसकेको थियो । त्यो कालो आकृति विस्तारैविस्तारै ऊतिर बढिरहेको थियो । ऊ डरले आत्तिएर चिच्याउन खोजेकी थिई, तर त्यतिखेर उसको स्वर नै निस्केन । उसले आँ' मुख मात्र बाइरही ।

त्यो कालो आकृति उसम्म आइसकेको थियो । ऊ चिच्याउन लागेको थाहा पाएर त्यो आकृतिले भनेको थियो, 'नकराऊ, आमाले थाहा पाउलिन् ।' त्यसपछि ऊ चूप लागी, चिच्याउन सकिन । 'नकराऊ, आमाले थाहा

पाउलिन् !' यो सायद धम्की थियो । उसले यसलाई धम्की वा चेतावनीकै रूपमा लिई र कराउँदा आमाले थाहा पाउलिन् र उल्टो आफैंलाई नजाती भन्लिन् भन्ने उसको मनमा लाग्यो ।

ऊ नकराइकन बसी । उसलाई त्यो स्वर कताकता चिनेचिनेजस्तो लाग्यो, तर पनि ठम्याइहाल्न सकिन । उसले केही सोच्न पनि सकिन । के हुन लागिरहेछ भन्ने सन्त्रासले उसलाई ग्रस्त पारिरह्यो ।

त्यो कालो आकृतिले उसलाई अँगालो हालेर आफूतिर तान्यो । उसले अघिको चेतावनी सम्झी र चिच्याउन चाहेर पनि चिच्याउन सकिन । आमातिर हेरी । उसकी आमा अझै मस्त निन्द्रामा थिइन् ।

त्यो कालो आकृतिले उसलाई थिच्न थाल्यो । ऊ उँउँ' गर्न थाली । त्यो कालो आकृतिले अनेक क्रिया गर्न थाल्यो । त्यसले उसका लुगाहरू पनि सुन्तलाको बोक्राझैं छोडाएर एकातिर फालिदियो र उसको नाङ्गो शरीरमाथि जथाभावी गर्न थाल्यो । ऊ बोझ र पीडाले छट्पटाउन थाली । त्यसैबेला उसकी आमा ब्यूँझिन् । अब उसले उँउँ' गर्न पनि छोडी । उसलाई किनकिन आमाले थाहा पाउलिन् भन्ने डर लाग्न थाल्यो । त्यसले भने निर्धक्कसित उसलाई उपभोग गऱ्यो । छट्पटिनेक्रममा उसको हात त्यसको टाउकोमा पऱ्यो । बल्ल उसले थाहा पाई, त्यो त उसलाई सहारा दिने उसकै काका रहेछ । खोइराले खाएर खल्वाट भएको त्यसको टाउको छामेर उसले चिनी । उसको मुखबाट एक्कासि आवाज, निस्क्यो, 'काका '।' उसले यति के भनेकी थिई, त्यो मान्छे अगुल्टो देखेर तर्सेको कुकुरजस्तै जुरुक्क उठेर इँजार कस्दै हान्निएर बाहिरियो ।

ऊ बिस्तारै उठी । उसलाई संसार फनन्न घुमेझैं लाग्यो । रिङ्गटा लागेको हो कि जमिन नै घुमेमो हो, उसले ठम्याउन सकिन । उसले आँखा चिम्ली । उसको आँखाभरि उसको काकाको अनुहार घुम्न थाल्यो ।

त्यो एकैछिनमा उसको जिन्दगीमा धेरैथोक भइसकेको थियो । उसले सोच्दै नसोचेको र कल्पनै नगरेको कुरा भएको थियो । हुनै नहुने कुरा भएको थियो । उसलाई थाहा भएसम्म उसको गाउँमा यस्तो कहिल्यै पनि भएको थिएन । पहिलोचोटि उसैमाथि यस्तो भयो । उसलाई घृणा लाग्न थल्यो नाता-सम्बन्धमाथि । घृणा लाग्न थाल्यो आफैंमाथि । वितृष्णा लाग्न थाल्यो त्यस्तो अभिशप्त जिन्दगीदेखि । घृणाले थुकैथुक रसायो उसको मुखभरि । अँध्यारोमै उसले जोडले थुकी । त्यो थुक उसको पापी काकाको निधारमा लाग्नुपर्ने थियो, तर भित्तामा लागेर त्यसै सुकेर गयो । त्यसको प्रभाव केही परेन । बरु उसको काकाको निकृष्ट कर्मको प्रभाव पऱ्यो, उसको जिन्दगीमा । कलङ्क लाग्यो उसको जिन्दगीमा । नमेटिने दाग लाग्यो उसको जिन्दगीमा । जीवनपर्यन्त चसचस्ती घोचिरहने काँढा बिझ्यो उसको मनमा । त्यस्तो कलङ्क बोकेर र त्यस्तो पीडा खपेर बाँच्नै मन लागेन उसलाई । अनि ऊ राति नै मर्नलाई घरबाट हिँडी ।

सबभन्दा पहिला उसले घरै नजिकको बकैनाको रूखमा झुन्डिन खोजी, तर किन हो, रूखमा डोरी बाँधिसकेर पनि ऊ त्यसमा झुन्डिन । अनि दौडेर घरदेखि टाढा सेती पुलमा पुगी । हुनहुनाउँदै उर्लिरहेको सेतीको तीव्र बहावलाई हेरिरही, तर पुलबाट हामफालिहाल्न सकिन । कुन्नि के भयो के उसलाई । केले रोक्यो केले उसलाई मर्नबाट । एकछिन त्यहीं सेतीकै पुलमा थचक्क बसी ऊ । मुटुमा एक्कासि भक्कानो फुटेर आयो । ऊ त्यहीं बसेर क्वाँक्वाँ रुन थाली । त्यो रातको चकमन्न सन्नाटामा उसको रोदनको आवाज नजिकैका डाँडाहरूमा ठोक्किएर फर्किए र त्यही सेतीको सुसाइमा बिलाए । सेतीको सुसाइभन्दा उसको रुवाइ झीनो थियो । त्यसैले सेतीको सुसाइमा उसको रुवाइ बिलायो । सेतीको सामु ऊ अकिञ्चन भई । ऊ रोई, खुप रोई । आँसुका अविरल धारा बगे । तर जति अविरल धारा बगे पनि त्यो आँसुको प्रवाहले उसलाई बगाउन सकेन, जसरी सेतीको प्रवाहले ठुलठूला ढुङ्गाहरू बगाइरहेका थिए ।

उसको आँसुले उसलाई त बगाएर कतै पुऱ्याउन सकेन सकेन, उसका व्यथालाई पनि बगाउन सकेन । उसको आँखालाई पखाले, तर मनलाई पखाल्न सकेन । उसको जिन्दगीलाई पखाल्न सकेन, उसको भाग्यलाई पखाल्न सकेन । उसले दिक्क मानी ।

केहीबेर त्यही सेतीको पुलमा बसेर रोइसकेपछि उसको मनमा के आयो कुन्नि, ऊ फेरि सुस्त गतिमा घरतिरै फर्किन थाली ।

रातको अन्धकार सन्नाटामा ऊ जति सजिलै त्यो पहाडको बाटो ओर्लेकी थिई, अब त्यही बाटो उक्लिन उसलाई निकै सकस पर्न थाल्यो । ऊ सुस्केरा हाल्दै उकालो उक्लिन थाली ।

यसैबेला पल्लो डाँडाको गाउँबाट भाले बासेको आवाज सुनी उसले मनमनै सोची, उज्यालो हुन लागेछ । उसलाई लाग्यो, अब छिट्टै घर पुग्नुपर्छ, आमा नउठ्दै । नत्र फेरि आमाले एकाबिहानी कहाँ पुगेर आएकी भनेर कच्कच् गर्छिन् । छरछिमेकीले पनि शङ्काले हेर्लान्, एकाबिहानै कहाँबाट फर्की भनेर । उसको मनमा डरजस्तो पस्न थाल्यो । आशङ्काले घेर्न थाल्यो । अनि ऊ छिटोछिटो हिँड्न थाली ।

ऊ उज्यालो नहुँदै घर पुगी । उसकी आमा अझै निदाइरहेकी थिइन् । ऊ अघि भर्खरको दुर्घटनामा छरपस्टिएको बिछ्यौनामा घुस्रिसकेपछि उसलाई अलिकति आराम महसुसभयो । थकाइ मेटिएजस्तो लाग्यो । बिहानीपखको मन्दमन्द चिसोपन र बिछ्यौनाको न्यानोले उसका आँखा लट्ठिन थाले । तर आँखा चिम्ले पनि आँखा वरिपरि त्यही दुर्घटना आउन थाले । अनि ऊ अत्तालिन थाली । उसको उकुसमुकुस बढ्न थाल्यो । छाती फेरि जोडजोडले चल्न थाल्यो । साँच्चै, मान्छेका कथा क्रमशः पुरा हुँदै जान्छन् र विस्मृत हुँदै जान्छन्, तर उही मान्छेका व्यथा भने किन सधैं नयाँ भएर रहन्छ र सताइरहन्छ ? उसले जोडले आँखा चिम्ली, तर जति आँखा चिम्ले पनि त्यो दुर्घटनाको दृश्य भने छोपिएन, छोपिन सकेन ।

ऊ अरू दिनभन्दा केहीबेर ढिलो ब्यूँझी । ऊ ब्यूँझँदा बाहिर निकै हल्लाखल्ला भइरहेको थियो उसले आमालाई उठाई र हत्तपत्त बाहिर निस्की । उसको घरअगाडि छरछिमेकका थुप्रै मान्छेहरू जम्मा भइसकेका थिए । ऊ पनि मनमा एकमुरी खुल्दुली बोकेर भीड भएतिर दौडी । त्यहाँ पुगेर ऊ चकित परी, अवाक भई । उसको मुखबाट कुनै शब्द निस्केन, दुःखको र आश्चर्यको पनि । ऊ मात्रै एकनासले टोलाई र सुस्तरी अगाडि बढी । संयोग, वियोग वा दैवको खेल, के भन्ने हो यसलाई ? उसले केही ठम्याउन सकिन । उसको मन निकै बिथोलियो, छताछुल्ल भयो, तर पनि पोखिएन । पोखिन सकेन । सायद ऊ समालिई वा कुनै अदृश्य तत्वले उसलाई समात्यो । ऊ टक्क अडिएर प्रतिक्रियाविहीन टोलाइरही । मान्छेको भीड त्यतिखेरसम्म निकै बढिरहेको थियो र त्यो भीड शान्तपूर्वक उसको क्रियाकलापलाई नियालिरहेको थियो ।

त्यहाँ भएको के थियो भने, जुन रूखमा उसले झुन्डेर मर्न खोजेकी थिई, त्यही रूखमा, रूखको त्यही हाँगोमा उसको काका तुन्द्रुङ्ग झुन्डिरहेको थियो, निष्प्राण । थाहा छैन कतिखेर उडेर गयो त्यसको प्राण । त्यहाँ अहिले त्यसको शरीर मात्र झुन्डिरहेको थियो, मृत शरीर ! एउटा लास ! ठूलाका लागि मुर्दा र केटाकेटीका लागि हाउगुजी ! बस् ' ।"

त्यो किन त्यसरी मऱ्यो ? के कारणले मऱ्यो ?
अथवा उसलाई कसले माऱ्यो ? किन माऱ्यो ?

प्रश्नहरू अनेकथरी उठ्न थाले, उठाउन थालिए । जवाफ शून्य । भीडका मान्छेहरू एकले अर्कालाई हेर्न थाले प्रश्नवाचक आँखाले । भीड अब सशङ्कित हुन थाल्यो, प्रश्नको जवाफ आफैंमाथि पो खोजिने हो कि भनेर । भीडका मान्छेहरूको पाइला अब झुन्डिएको लासतिर होइन, विस्तारै पछाडि सर्न थाल्यो । भीड अब सचेत हुन थाल्यो, वित्थामा किन झमेलामा पर्ने हो भनेर ।

भीड क्रमशः पातलिन थाल्यो । भीड अब सङ्ख्यामा परिणत भयो, औंलामा गन्न सकिने सङ्ख्यामा, अर्थात् ऊ, दुइजना प्रहरी, तीनजना गन्यमान्य व्यक्ति, अनि त्यो लास । जम्माजम्मी सातजना । सातजनामा एउटा लास निष्प्राण थियो नै, बोल्न नसक्ने, तर बोल्नसक्ने बाँकी छ जनामा पनि बोल्नु आवश्यक ठान्ने कोही थिएनन् । सबैका आँखामा प्रश्न मात्रै थिए, जवाफ कसैसित थिएन । एकजना ऊ मात्रै थिई, जससित प्रश्न पनि थियो र जवाफ पनि थियो । तर उसले बोल्न सकिरहेकी थिइन । बोल्ने मुडमा ऊ थिइन । उसको मन सारै बिथोलिएको

थियो, लट्टा परेको धागोजस्तै फुकाउन नसकिने गरी । के बोल्नु उचित, के बोल्नु अनुचित ! के बोल्नु आवश्यक, के बोल्नु अनावश्यक ! उसले निर्क्योल गर्नै सकिरहेकी थिइन । ऊ केबल एकतमासकी भइरहेकी थिई । त्यो लासका स्वास्नी, छोराछोरी कोही भइदिएको भए त्यहाँ यतिखेर कोलाहल मच्चिएको हुन्थ्यो रोदनको । तर त्यसो हुन सम्भव भएन । त्यसका स्वास्नी, छोराछोरी कोही थिएनन् । त्यो लाश नितान्त एक्लो भएको थियो ।

'एक्लो परेर नै आत्महत्या गरेको हो कि ?' त्यसको मृत्युप्रति प्रश्नवाचक उत्तर थियो एउटा प्रहरीको । तथापि सबैका आँखामा थरिथरि प्रश्नहरू थिए । एक्लो परेर मात्रै मान्छेले आत्महत्या गर्छ भन्ने जवाफ स्वयंमा अपर्याप्त छ र अपूर्ण छ । किनभने संसारमा थुप्रै एक्ला मान्छेहरू बाँचिरहेका छन् । सबै एक्लो मान्छेहरूले आत्महत्या गर्ने हो भने संसारमा थोरै मात्रै परिवार बाँकी रहनेछन् ।

एउटा प्रहरीको आँखाले अघिदेखि उसलाई पिछा गरिरहेका थिए । सायद त्यसलाई शङ्का थियो, उसले नै त्यसलाई मारेको हुनुपर्छ । तर उसलाई सायद यो पनि शङ्का थियो कि, त्यत्रो बलियो लोग्नेमान्छेलाई ऊजस्ती एउटी अवला केटीले कसरी मार्न सक्छ ? विषै खुवाएर मारिहाले पनि कसरी यो रूखमा झुन्ड्याउन सक्छ ? त्यसैले त्यसलाई आफ्नो शङ्कामाथि पनि शङ्का लागिरहेको थियो ।

मुचुल्का त उठाउनै पऱ्यो, उठाइयो । सर्जमिन पनि गर्नैपऱ्यो, गरियो । सबैका शङ्का उसैमाथि थियो, किनभने मरेको मान्छे एक्लो थियो र ऊ त्यही मरेको मान्छेको नाताले भतिजी थिई । त्यसको मृत्युपछि सम्पत्ति हात लाग्ने लोभले मारेको हो कि भन्ने शङ्का पनि थियो । तर त्यो शङ्का पनि शङ्कास्पद नै रऱ्यो । उसको प्रकृति र स्वरूपले त्यसलाई मार्न सक्नेजस्तो देखिदैनथ्यो । तैपनि सोधपुछ त गर्नैपऱ्यो, शङ्का निवारण पनि गर्नैपऱ्यो । त्यसैले उसलाई अनेक प्रश्नहरू गरिए, तर उसले सबै प्रश्नहरूको एउटै जवाफ दिइरही, 'थाहा छैन ।' जवाफ दिँदा ऊ निकै उत्तेजित भएकी थिई, तर त्यो उत्तेजना उसको मुखमा हैन मनमा थियो । त्यसैले उसको त्यो उत्तेजनालाई कसैले सुनेनन्, कसैले देखेनन् ।

प्रहरीको प्रश्नको जवाफमा उसलाई भन्न त मन लागेको थियो, 'मार्न त त्यो मान्छेलाई मैले नै मार्नुपर्थ्यो, तर ऊ आफैं मऱ्यो । त्यसैले मैले त्यसलाई मार्नै परेन । यी पवित्र हातलाई बिटुलो बनाउनै परेन ।' तर यी बाक्यहरू उसका मुखबाट निस्केनन् । मात्रै उसका आक्रोश बोले, मनभित्रभित्रै ।

मुचुल्का उठ्यो । सोधपुछ भयो । सर्जमिन भयो । औपचारिकता पूरा भए । सबथोक सकिए । बाँकी रहे उसका व्यथा, उसका पीडा र उसका वेदना !

अब लाश चितामा जल्न थाल्यो दनदन्ती, जसरी उसको मन जलेको थियो । ऊ चिताको सामुन्ने उभिएकी छ र निर्निमेष हेरिरहेकी छ जलिरहेको चितालाई । तर उसको आँखामा एक थोपा आँसु छैन । ओठमा मुस्कान पनि छैन । मान्छेहरू उसलाई अचम्मसित हेरिरहेका थिए । कस्ती केटी हो यो ? न आँखामा आँसु छ, न चेहेरामा कुनै दुखको भाव छ !

एउटा कारणले उसले डाँको छोडेर रुनुपर्ने हो, तर ऊ रुन सकेकी छैन । अर्को कारणले ऊ अट्टहास गरेर हाँस्नुपर्ने हो, तर ऊ हाँस्न पनि सकिरहेकी छैन । ऊ यस्तो द्विविधामा परेकी छ, ऊ दुखी हुन पनि सकिरहेकी छैन र खुसी हुन पनि सकिरहेकी छैन । ऊ यति मात्रै सम्झिरहेकी छ, पापको परिणाम यस्तै हुन्छ । र ऊ मनमनै भनिरहेकी छ, पापको परिणाम यस्तै हुनुपर्छ र पापको अन्त्य पनि यसरी नै हुनुपर्छ ।

त्यसपछि उसले मर्ने इच्छा त्यागिदिई । तर '

' तर, अझै कति त्यस्ता आकृतिहरू अँध्यारामा लुक्दै आउने हुन् ? ऊ भयमुक्त हुन सकेकी छैन ।

*- लोकन्थली, भक्तपुर*